रिसाउनु हुँदैन

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, एक व्यक्तिले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट केही वसीयत (सल्लाह दिन) आग्रह गरे र उहाँले भन्नुभयो: "रिसाउनु हुँदैन ।" उनले यो प्रश्न बारम्बार दोहोर्याए तर उहाँले हरेक पटक रिसाउनु हुदैन भनिरहनुभयो ।
[सही] [बुखारीले वर्णन गरेका छन्]

एक जना सहाबा मध्ये अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई केही लाभदायक कुरा बताउन आग्रह गरे र उहाँले रिसाउनु हुँदैन भन्नुभयो । अर्थात्, पहिले तपाईं रिस उठ्ने कुराबाट टाढा रहनुहोस् र यदि रिस उठ्यो भने आफूलाई नियन्त्रण गर्नुहोस् र क्रोधित भएको बेला हत्या, हिंसा र गालीगलौज इत्यादिबाट जोगिनुहोस् । उनले वसीयत गर्न बारम्बार दोहोर्याए तर उहाँले हरेक पटक रिसाउनु हुदैन भनिरहनुभयो ।

https://sunnah.global/hadeeth/ne/show/4709